**कोन्ज्योसोम गाउँपालिका**

# स्थानीय राजपत्र

**कोन्ज्योसोम गाउँपालिकाद्धारा प्रकाशित**

खण्डः २ संख्याः ९ मितिः २०७६/०९/०७

## भाग-२

## कोन्ज्योसोम गाउँपालिकाको

## एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

बिभिन्न प्रकारका सर्ने तथा नसर्ने प्रकृतिका रोगहरुको कारण कोन्ज्योसोम गाउँपालिकाका जनतालाई भएको र हुनसक्ने स्वास्थ्य समस्या बाट सुरक्षित राख्ने उद्देश्यले एम्बुलेन्स संचालन गर्ने गाउँपालिकाको निर्णय बमोजिम यसको व्यवस्थित सञ्चालन, व्यवस्थापन र दिगोपनका लागि छुट्टै कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई लागु गरेको छ।

**परिच्छेद एक**
**संक्षिप्त नाम र प्रारम्भ**

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यो कार्यविधिको नाम कोन्ज्योसोम गाउँपालिकाको एम्बुलेन्स संचालन कार्यविधि, २०७६ रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) एम्बुलेन्स भन्नाले कोन्ज्योसोम गाउँपालिकाले संचालन गर्ने एम्बुलेन्स लाई जनाउँनेछ।

ख) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४, लाई जनाउँछ।
ग) गाउँपालिका भन्नाले कोन्ज्योसोम गाउँपालिकालाई जनाउँछ।
घ) गाउँसभा भन्नाले कोन्ज्योसोम गाउँपालिकाको गाउँसंभा लाई जनाउँछ।
ङ) वोर्ड भन्नाले गाउँपालिकाको बोर्ड लाई सम्झनु पर्दछ।
च) समिति भन्नाले एम्बुलेन्स सञ्चालन र व्यवस्थापनका लागि गठन भएको सञ्चालक समिति लाई जनाउँछ।
छ) कोन्ज्योसोम गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ । यस शब्दले एम्बुलेन्स संचालनमा संलग्न अपरेटर समेतलाई जनाउँछ ।
ज) प्रमुख प्रशासकिय अधिकृत् भन्नाले कोन्ज्योसोम गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत भै काम गर्ने कोन्ज्योसोम गाउँपालिका कार्यालयको प्रमुख प्रशोसकिय अधिकृतलाई जनाउँछ ।
झ) तोकिएको वा तोकिए बमोजिम भन्नाले कोन्ज्योसोम गाउँपालिकाको बोर्ड बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद दुई :

## एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था

३. उद्देश्य : यस कार्यविधिको प्रमुख उद्देश्य यस गाउँपालिका क्षेत्रभित्र र नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म पुर्याउने तथा यसको विश्वसनीयता साथै प्रभावकारीता वृद्धि गरी दिगो र भरपर्दो सेवा संचालन गर्नु रहेको छ ।

४. छनौट र प्राथमिकताः

१) एम्बुलेन्सको उपयोगको लागि गाउँपालिका क्षेत्र भित्रका वासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानीय तहका सेवाग्राहीहरुलाई लिनै सेवाशुल्कमा फरक हुने -गरी कार्यविधिमा उल्लेख भए बमोजिमको रकम गाउ कार्यपालिकाको बैठकबाट निर्णय भए पश्चात लागू हुनेछ। -

५. संचालक समिति : (१) एम्बुलेन्स सेवाका व्यवस्थित उपयोग, संचालनं, खटनपटन र व्यवस्थापनका लागि कोन्ज्योसोम गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक छुट्टै एम्बुलेन्स संचालक समितिको गठन गरिनेछ ।

२) उप विनियम (१) बमोजिम गठन हुने एम्वुलेन्स संचालक समितिमा देहाय वमोजिमका सदस्यहरु रहनेछन ।
क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक
ख) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य
ग) स्वास्थ्य संयोजक :- -सदस्य-सचिव
३) उप विनियम (२) को खण्ड (१) बमोजिम तोकिएका संचालक समितिका सदस्यहरुको पदावधी सामान्यतया १ वर्षको हुनेछ । गाउँपालिकाको बैंठकले महशुस गरेमा ती सदस्यहरुको कार्यकाल थप -गर्न सक्नेछ । तर यस खण्ड बमोजिम तोकिएका कुनै पनि सदस्यले लगातार २ वर्षभन्दा बढी समय संचालक्क समितिमा रही काम गर्न पाउने छैन । एउटै सदस्यलाइ म्याद थप गर्नुपरे गाउँ कार्यपालिकाको बैंठकले निर्णय गर्नु पर्नेछ । 

४) समितिको कुनै सदस्यले एम्वुलेन्सको प्रभावकारी संचालन र व्यवस्थापनमा बाधा पुग्ने गरी वा गाउँपालिकाको हित विपरित हुने गरी काम गरेको पाइएमा गाउँपालिकाको बैठकले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

५) संचालक समितिको बैठक आवश्यकता, अनुसार संयोजकले बोलाउने छ । समितिका पदाधिकारीहरुले एम्वुलेन्स संचालन कोषको रकम मध्येबाट प्रति बैंठक रु१००० का दरले मासिक बढीमा १ पटक बैठकका लागि बैंठक, भत्ता लिन्न पाउने छन् । तर एम्बुलेन्स संचालन कोषमा रकम नभएको अवस्थामा यस्तो भत्ता लिन पाइने छैन ।

**६) काम कर्तव्य र अधिकार :** (१) एम्बुलेन्स संचालक समितिको काम, कर्तव्य र अधिकार देहायका बमोजिमको हुनेछ ।

क) गाउँपालिकाको बोर्ड बैठकले निर्णय गरी कार्यान्वयनमा ल्याएको कार्यविधि बमोजिम एम्बुलेन्सको दैनिक खटनपटन गर्ने,

ख) एम्बुलेन्स संचालन भएको पटक एकिन गरी सो को अभिलेख अध्यावधिक गरी राख्ने ,

ग) निर्यण नभएको कार्यमा एम्बुलेन्सको प्रयोग भएको पाइएमा तत्काल एम्वुलेन्स फिर्ता गर्न लगाउने,

घ) तत्काल फिर्ता गर्न अटेर गरेको अवस्थामा प्रहरी प्रशासनको सहयोग लिई एम्वुलेन्स फिर्ता गराउने,

ङ) अनधिकृत प्रयोग भएको अवधिको लागि संचालक समितिले उचितः जरिवाना लगाई असूल उपर गरी संचालन कोषमा जम्मा गर्ने, गराउने,

च) कुनै व्यक्ति वा संस्थालेः एम्वुलेन्स भाडामा लिई संचालन गरेको अवस्थामा भाडा वापतको रकम असुल गरी कोषमा जम्मा गराउन, एम्वुलेन्स मर्मत संभार गर्नु पर्ने भनी अपरेटरले दिएको निवेदन उपर आवश्यक छानविन गरी स्वीकृतिका लागि गाउँपालिका प्रमुख समक्ष सिफारिश गर्ने,

छ) एम्वुलेन्स संचालनमा खटिएका कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्बुलेन्सको समुचित रेखदेख र व्यवस्थापनमा निजहरुले खेलेको भूमिकाबारे गाउँपालिकाको कार्यलयलाई सुझावहरु दिने,

झ) एम्बुलेन्सको प्रभावकारी व्यवस्थापन र संचालनका लागि आवश्यक देखेका अन्य विषयहरुमा गाउँपालिकाको कार्यालय र गाउँपालिकाको बोर्डलाई आवश्यक सुझावहरु दिने. र प्राप्त निर्देशन अनुरुप कार्य गर्ने ।

२. एम्बुलेन्स संचालक समितिका अन्य काम, कर्तव्य र अधिकारहरु गाउँपालिकाको बोर्ड बैंठकको निर्णय बमोजिम हुनेछन् ।

तर गाउँ कार्यपालिकाका सदेस्यहरुको कार्यकाल समाप्त भई अर्को निर्वाचन -नभए सम्म वा अन्य कारणले रिक्त रहेको अवधिका लागि एम्बुलेन्सको संचालन प्रमुख प्रशासकिय अधिकृतले तोकिदिए बमोजिम हुनेछ ।

# परिच्छेद तीनः

## कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारीको नियुक्तिः

**७. कर्मचारीको नियुक्ति :** नियुक्ति :(१) एम्बुलेन्स संचालनका लागि एक जना चालक (हल्का सवारी चालक प्रथम तह वा सो सरह) को एक जना कर्मचारी करार सेवामा भर्ना गरिने छ। एम्वुलेन्स चालक पदमा स्थायी नियुक्ति गरिने छैन ।

२) उप विनियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य, गाउँपालिकाको कार्यालयले प्रचलित कानूनको रित पुर्याई गर्नेछ । -

**८. पारिश्रमिक तथा सेवाका शर्तहरु :** (१) एम्वुलेन्स चालकले क्रमशः हल्का सवारी चालक प्रथम तहको स्थानीय तहको कर्मचारीले पाए"सरहको तलब पाउनेछ ।

२) एम्बुलेन्स चालकले उप विनियम (१). वमोजिम पाउने तलब वाहेक एम्बुलेन्स संचालन भएको अवधिमा रात्रीकालिन प्रति ट्रिप रु......................... का दरले थप भत्ता पाउनेछ ।

३) एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्वुलेन्स संचालन कोषबाट व्यहोरिने छ । यसका लागि गाउँपालिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन ।

**९. आचरण :** (१) एम्वुलेन्स चालकले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ :
क) एम्बुलेन्सको उचित तरिकाले संचालन; रेखदेख र संरक्षण गर्ने

ख) एम्वुलेन्स संचालन भएको अवधि गुडेको कि.मि खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख राख्ने,

ग) एम्बुलेन्स संचालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्वुलेन्स उपयोग गर्दो समितिको पूर्व अनुमति लिने,

घ) एम्बुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागि समुचित ध्यान दिने,

ङ) एम्वुलेन्स संचालनको क्रममा हुन सक्ने संभावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने ।

च) एम्वुलेन्सको दुर्घटना बीमा गराउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा समयमै जानकारी गराउने,

छ) एम्बुलेन्स संचालनमा लैजानु पूर्व एम्वुलेन्स संचालन शुल्क बुझाउने गरी निकासा भएको अवस्थामा -शुल्क बापतको रकम गाउँपालिकामा दाखिला भए, नभएको एकिन गर्ने,

ज) एम्वुलेन्स संचालनमा लैजानु पूर्व एम्बुलेन्सको अवस्था चेकजाँच गरी सुरक्षा अवस्था एकिन गर्ने । असुरक्षित अवस्थामा एम्वुलेन्स संचालन नगर्ने,

झ) एम्बुलेन्स संचालन सम्बन्धमा संचालक समिति र प्रमुख प्रशासकिय अधिकृतले दिएको निर्देशनहरुको पालना गर्ने ।

**१०. अवकाश दिन सकिने :** (१) आफ्नो पदको जिम्मेवारी राम्ररी पुरा नगरेको अवस्थामा एम्वुलेन्स चालकलाई समितिको निर्णयबाट जुनंसुकै वखत पदबाट हटाउन सकिने छ।

## परिच्छेद चारः

### मर्मत संभार सम्बन्धी व्यवस्था

**११. सेवा- शुल्क तथा इन्धनको व्यवस्था :** (१) गाउँपालिका क्षेत्रभत्रका गाउँवासीहरुले र नजिकका स्थानीय तहका नागरिकहरुले एम्वुलेन्स भडामा प्रयोग गर्दा लाग्ने सेवाशुल्क समितिले निर्धारण गरे बमोजिम लाग्नेछ ।

२) गाउँ कार्यपालिकाले गरेको निर्णय बमोजिम गाउँ क्षेत्रभित्रका ज्येष्ठ नागरिकका लागि एम्बुलेन्स प्रयोग हुँदा लाग्ने खर्च गाउँपालिकाले व्यहोर्नेछ । यसका लागि उनिहरुको जेष्ठनागरिक प्रमाणपत्र हुन अनिवार्य छ।

३) गाउँ क्षेत्रभित्रका संस्थागत प्रसुतीका लागि आउने आमाहरुको लागी एम्वुलेन्स प्रयोग :हुँदा लाग्ने खर्च गाउँपालिकाले व्यहोर्नेछ । यसका लागि उनीहरुको ४ पटक. प्रोटोकल अनुसार गर्भवती जाँच गरिएको कार्ड अनिवार्य हुनुपर्नेछ ।

४) उप विनियम (१) बमोजिम को शेवाशुल्कबाट -गाउँपालिकाले एम्बुलेन्सको मर्मत संभार, फ्युल लुब्रिकेन, अपरेटरको तलब भत्ता, आदिको व्यवस्था गर्नेछ ।

**१२. एम्वुलेन्स संचालन कोष :** (१) एम्बुलेन्सको नियमित मर्मत संभार तथा कर्मचारीहरुको तलब भत्ताको व्यवस्था गरी एम्वुलेन्सको नियमित संचालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्वुलेन्स संचालन कोष खडा गरिनेछ ।

(२) उप विनियम (१) बमोजिम खडा गरिने एम्बुलेन्स संचालन कोषमा देहायवमोजिमको रकम समेत जम्मा गरिनेछ ।

क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त शेवाशुल्क बापतको रकम,

ख) भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडां वापत प्राप्त रकम,

ग) नेपाल सरकार, प्रदेश संरकार वा गाउँपांलिकांबाट एम्वुलेन्स संचालनका लागि प्राप्त रकम,

घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम, आदि ।

**१३. कोषको संचालन र उपयोग :** (१) एम्वुलेन्स संचालन कोष प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

२) एम्वुलेन्स संचालन कोषमा जम्मा भएको रकम एम्वुलेन्सको नियमित मर्मत संभार, कर्मचारीहरुको तलव भत्ता तथा संचालक समितिको बैठक भत्ताका लागि खर्च गरिने छ।

## परिच्छेद पाँच :

### बिविध

**१४. लेखा र लेखापरिक्षण :** (१) एम्वुलेन्स संचालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियमावली अनुरुप राखिनेछ।

२) एम्वुलेन्स संचालन कोषको आम्दानी र खर्चको हिसाब महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरिक्षणकबाट सालवसाली रुपमा लेखापरिक्षण गराईनेछ ।

**१५. विवादको समाधान :** (१) एम्वुलेन्स संचालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्वुलेन्स संचालक समितिले सम्बन्धित पक्षहरुसँग छलफल गरी समाधान गर्नेछ ।

२) एम्वुलेन्स संचालक समितिले समाधान गर्न नसकेको विवादहरु गाउँपालिका बोर्डको निर्णयबाट समाधान गरिनेछ ।

**१६. भाडामा दिन सकिने :** (१) गाउँपालिकाले एम्वुलेन्स संचालन गर्न नसक्ने अवस्था भई कुनै व्यक्ति वा संस्था मार्फत एम्वुलेन्स संचालन गर्न उपयुक्त देखिएमा एम्वुलेन्स संचालक समितिले सिफारिस गरेको अवस्थामा गाउँपालिकाको बोर्ड बैठकले निर्णय गरी एम्वुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

२) गाउँ कार्यपालिकाको बोर्ड वैठकले आवश्यक देखेमा संचालक समितिको सिफारिस नभए पनि एम्वुलेन्स भाडामा दिन सक्नेछ ।

३) उप विनियम (१) बमोजिम एम्बुलेन्स भाडामा दिँदा प्रति दिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु गाउँपालिकाको बोर्डले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

**१७. कार्यविधिमा संशोधन :** यस कार्यविधिमाः आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाउँ कार्यपालिकाको बोर्ड बैठकले निर्णय गरी थपघट वा संशोधन गर्न सक्नेछ ।

**१८. अन्य आवश्यक कुराहरु :** एम्वुलेन्स प्रयोग शुल्क संचालक समितिले तयार गरी गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत भएपछि लागु गरिनेछ । यस्तो. शुल्क निर्धारण नभएसम्मका लागि "चलन चल्तीको भाडा दरलाई नै प्रयोगमा ल्याइनेछ ।

**१९. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

अनुसूची १

# एम्बुलेन्स सञ्चालन अभिलेख

कोन्ज्योसोम गाउँपालिका ललितपुर

| मिति | गाडी गुडेको कि.मी. | | | सेवाग्राहीको नाम | नगद रसिद नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | पहिलाको कि.मी. | हालको कि.मी. | जम्मा कि.मी. | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| रेकर्ड राखेः | रुजु गर्नेः | प्रमाणित गर्नेः | स्वीकृत गर्नेः |
|---|---|---|---|
| अपरेटर | प्रशासन शाखा | स्वास्थ्य संयोजक | प्रमुख प्रशासकीय अधिकृत |

अनुसूची २

# एम्बुलेन्स सञ्चालन अभिलेख

कोन्ज्योसोम गाउँपालिका ललितपुर

| मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी | कैफियत |
|---|---|---|---|---|---|---|
| | सामान | ज्याला | लुब्रिकेन्ट | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| रेकर्ड राखेः | रुजु गर्नेः | प्रमाणित गर्नेः | स्वीकृत गर्नेः |
|---|---|---|---|
| अपरेटर | प्रशासन शाखा | स्वास्थ्य संयोजक | प्रमुख प्रशासकीय अधिकृत |

**अनुसूची ३**

**भाडामा लिनेदिने सम्झौता पत्र**

कोन्ज्योसोम गाउँपालिका(जसलाई पछि प्रथम पक्ष भनिने छ) र ....................... बस्ने श्री ........... यस पछि दोश्रो पक्ष भनिने छ) ललितपुर जिल्ला ....................गा.पा. वडा नं. ............ मा एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्बुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्न अनुसारको शर्तहरु दुवै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौं दियौं ।

<u>शर्तहरु</u>

१. एम्बुलेन्स भाडामा लिने (दोस्रो पक्षका) श्री........ ले एम्वुलेन्स भाडामा लिदा एम्वुलेन्स संचालनमा आएपछि प्रतिदिन रु............ का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी-भाडामा प्रयोग गर्न पर्नेछ ।

२. यो सम्झौता मिति २०७.......गते देखि २०७........... गतै सम्म लागु हुने छ।

३. सम्झौताको अवधि भन्दा बढी समय एम्वुलेन्स प्रयोग गर्नु परेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरी प्रयोग गर्न सकिने छ ।

४. दोश्रो पक्षले एम्वुलेन्स भाडामा लिनु पूर्व भाडामा लिएको अवधिको सम्पूर्ण रकम गाउँपालिकाको “कार्यालय चौघरे ललितपुरमा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।

५. दोश्रो पक्षले एम्वुलेन्स संचालनमा ल्याउने सम्झौता अवधिभर अपरेटरलाई बस्ने बासको व्यवस्था गरिदिनुपर्नेछ ।

६. एम्वुलेन्स संचालन. अवधिमा एम्वुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोश्रो पक्षले नै गर्नेछ ।

७. यो सम्झौता सम्पन्न भै एम्वुलेन्स दोस्रो पक्षले जिम्मा लिइसकेपछि कार्यालयमा फिर्ता नबुझाउँदा सम्म सोको पूर्ण जिम्मेवारी दोश्रो पक्षले नै लिनु पर्नेछ ।

८. यो सम्झौता गरी तोकिएको अवधिका लागिः लगिएको एम्वुलेन्स-समय समाप्त भएपछि नबुझाएमा दोश्रो पक्षले भाडा बाहेक दैनिक रु.............. का दरले प्रथम पक्षलाई थप हर्जना तिर्नु पर्नेछ ।

९. एम्बुलेन्स प्रयोग गरे वापत कुनै सरकारी कर तिर्नु पर्ने भएमा परेमा दोश्रो पक्षले नै तिर्नुपर्नेछ ।

भाडामा लिने व्यक्ति संस्थाको तर्फवाट
नाम :
ठेगाना :
दस्तखत :-

कार्यलयको. तर्फबाट
नाम :
पद : प्रमुख प्रशासकिय अधिकृत
दस्तखत :-

**आज्ञाले,**

**रोम बहादुर महत**

**प्रमुख प्रशासकीय अधिकृत**